# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

वर्ष : २५ | अंक : २१० | बुधवार, ३० वैशाख, २०८३ | Wednesday, 13 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०







# राष्ट्रिय गौरवको भेरी–बबई अब प्राथमिकतामा

***यो आयोजना अब दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सरकारले नयाँ कार्ययोजना बनाउन थालेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको निर्देशनपछि आयोजनाको काम तीव्र पार्न दुई वा तीन सिफ्टमा निर्माण सञ्चालन गर्ने तयारी भइरहेको छ।***

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २९ वैशाख

राष्ट्रिय गौरवको भेरी-बबई बहुउद्देश्यीय आयोजना अबको दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सरकारले नयाँ कार्ययोजना बनाउन थालेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको कार्यकारी निर्देशनपछि आयोजनालाई तीव्र गतिमा अघि बढाउने तयारी सुरु गरिएको हो। जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र वरालका अनुसार आयोजनालाई निर्धारित नयाँ समयसीमाभित्र सम्पन्न गर्ने गरी कार्ययोजना तयार पार्ने काम भइरहेको छ।

यसअघि आयोजना आर्थिक वर्ष २०८७/८८ सम्म सम्पन्न गर्ने गरी संशोधित कार्यतालिका सार्वजनिक गरिएको थियो। तर वर्तमान सरकारले आयोजनालाई प्राथमिकतामा राख्दै अब दुई वर्षमै सम्पन्न गर्ने लक्ष्य अघि सारेको हो। त्यसअनुसार निर्माण कार्यलाई तीव्र बनाउन अतिरिक्त जनशक्ति परिचालन, दुई वा तीन सिफ्टमा काम सञ्चालन तथा आवश्यक स्रोत व्यवस्थापनका विषयमा प्रारम्भिक छलफल भइरहेको विभागले जनाएको छ।महानिर्देशक वरालका अनुसार अहिले आयोजना एक सिफ्टमा सञ्चालन भइरहेको छ। तोकिएको समयभित्र काम सक्न निर्माण कार्यलाई चौबीसै घण्टा सञ्चालन गर्ने गरी



कार्यविधि बनाइनेछ। "स्रोत व्यवस्थापन, जनशक्ति परिचालन र समस्या समाधानका विषयमा आवश्यक तयारी भइरहेको छ," उनले भने। आर्थिक वर्ष २०६८/६९ देखि निर्माण सुरु भएको यो आयोजना सुरुमा २०७९/८० मै सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर विभिन्न प्राविधिक, प्रशासनिक तथा आर्थिक कारणले आयोजनाको अवधि पटक-पटक थपिँदै गएको छ। आयोजनाको प्रारम्भिक लागत १६ अर्ब ४३ करोड रुपैयाँ रहेकामा अहिले लागत बढेर ३३ अर्ब १९ करोड ६६ लाख रुपैयाँ पुगेको छ। अहिलेसम्म आयोजनामा १८ अर्ब ७७ करोड ४३ लाख रुपैयाँ खर्च भइसकेको छ, जुन कुल लागतको ५६.५६ प्रतिशत हो। चालु आर्थिक वर्ष २०८२/८३ का लागि आयोजनामा १ अर्ब ७५ करोड ४२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। त्यसमध्ये हालसम्म ६८ करोड १३ लाख रुपैयाँ खर्च भएको आयोजनाले जनाएको छ। हालसम्म आयोजनाको समग्र भौतिक प्रगति ६५.५० प्रतिशत पुगेको छ। भेरी-बबई आयोजना सुर्खेत, बाँके र बर्दिया जिल्लामा फैलिएको बहुउद्देश्यीय आयोजना हो। आयोजनाबाट ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार हुने तथा ४८.८ मेगावाट विद्युत उत्पादन हुने लक्ष्य

बाँकी पृष्ठ २

# कर्णालीमा कांग्रेसको नयाँ रोडम्याप, सुशासनदेखि रोजगारीसम्म २१ प्रतिबद्धता

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २९ वैशाख

नेपाली कांग्रेसले कर्णाली प्रदेशको विकास, सुशासन र जनसेवालाई केन्द्रमा राख्दै २१ बुँदे 'कर्णाली संकल्प' सार्वजनिक गरेको छ।

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा दुई दिनसम्म चलेको प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र पार्टी नेतृत्वबीचको अन्तरक्रियापछि संकल्प पत्र जारी गरिएको हो। कार्यक्रममा पार्टीका सभापति गगनकुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदिप पौडेल लगायत केन्द्रीय नेता, प्रदेश पदाधिकारी, प्रदेशसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिको सहभागिता रहेको थियो।

भेलाको पहिलो दिन पछिल्लो निर्वाचनमा पार्टीले भोगेको हारको समीक्षा र आगामी रणनीतिबारे छलफल गरिएको थियो भने दोस्रो दिन सुशासन, विकास र सेवा प्रवाहका विषयमा प्रशिक्षण तथा अन्तरक्रिया गरिएको थियो। कांग्रेसले नागरिकमैत्री र जिम्मेवार सरकार सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ।

संकल्प पत्रमा कानून र विधिअनुसार निर्णय गर्ने, मानवतालाई केन्द्रमा राखेर सेवा दिने तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती र विपन्न वर्गलाई घरमै पुगेर सेवा उपलब्ध गराउने उल्लेख गरिएको छ।

यस्तै असार १० भित्र अनिवार्य बजेट ल्याउने, योजनालाई व्यवस्थित बनाउन 'प्रोजेक्ट बैंक' प्रणाली लागू गर्ने र टुक्रे योजना रोक्ने निर्णय गरिएको छ।

आर्थिक अनुशासन कायम गर्दै शून्य बेरुजुको लक्ष्य लिने र स्थानीय तहमा विज्ञ, नागरिक समाज तथा पार्टीसँग परामर्श गरेर मात्र योजना बनाउने भनिएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमसँग जोड्ने, रोजगार बैंक स्थापना गर्ने र स्वरोजगार सिर्जना गर्ने कार्यक्रम अघि सारिएको छ।

कर्णालीको पहिचान झल्किने पाठ्यक्रम निर्माण, अनुसन्धानमा आधारित शिक्षा र स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउने योजना पनि कांग्रेसले अघि सारेको छ।

दुर्गम क्षेत्रमा 'एयर एम्बुलेन्स' सेवा सहज बनाउने प्रतिबद्धता समेत गरिएको छ।

यस्तै कांग्रेसले जडिबुटी, जलस्रोत, जंगल र पर्यटनको संरक्षण गर्दै स्थानीय उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने जनाएको छ।

उच्च मूल्यका जडिबुटीको प्रशोधन र अन्तर्राष्ट्रिय ब्रान्डिङ गर्ने योजना पनि संकल्पमा समेटिएको छ।

त्यस्तै, बोक्सी प्रथा, छाउपडी, बालविवाह र छुवाछुतजस्ता कुरीति अन्त्य गर्न विशेष अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ।

संघीयताको प्रभाव गाउँसम्म पुऱ्याउन वित्तीय अधिकार र कर्मचारी व्यवस्थापनमा संघीय सरकारको ध्यानाकर्षण गराइने कांग्रेसले जनाएको छ। हुम्लाको यारी नाका व्यावसायिक रूपमा सञ्चालन गर्न पहल गर्ने र पार्टी संगठनलाई डिजिटल प्रणालीमार्फत अझ सशक्त बनाउने प्रतिबद्धता पनि संकल्प पत्रमा समेटिएको छ।

# अलपत्र पछि, गति लिँदै भेरी करिडोरको पुल



**काँक्रेविहार संवाददाता**
डोल्पा, २९ वैशाख

कर्णाली प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक मार्गसँग जोड्ने महत्वाकांक्षी भेरी कोरिडोर सडक योजना अन्तर्गत जाजरकोट-डोल्पा सडकखण्डमा सडक र पुल निर्माणको कामले पछिल्लो समय गति लिन थालेको छ।

लामो समयदेखि अलपत्र रहेको विभिन्न पुल निर्माणका लागि राष्ट्रिय योजना आयोगले सहमति दिएपछि आयोजनाको काम अघि बढ्ने अपेक्षा गरिएको छ।

नेपाली सेनाले २०७६ सालमा जाजरकोट-डोल्पा सडकखण्डको एक सय १८ किलोमिटरमध्ये एक सय तिन किलोमिटर सडक ट्र्याक खोलेर सडक डिभिजन चौरजहारीलाई हस्तान्तरण गरेको थियो।

त्यसपछि निर्माण प्रक्रिया सुस्त बने पनि अहिले ५६ किलोमिटर सडक कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ।

जाजरकोटको नलगाड-१२ तल्लुदेखि डोल्पाको सदरमुकाम दुनैसम्म निर्माण गर्न बाँकी रहेका १४ वटा पुल निर्माणका लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयमार्फत सहमति दिएको योजना प्रमुख नरेश केसरी ले जानकारी दिए।

उनका अनुसार स्रोत सुनिश्चित भएसँगै पुल निर्माणका अन्य प्रक्रिया अगाडि बढाइनेछ। भेरी कोरिडोर अन्तर्गत फूलबारीखोला, चिसापानीखोला, खहरेखोला, घट्टेखोला, मनकाखोला, रिजिगार, उसुमखोला,

बाँकी पृष्ठ २

# सुर्खेत होराइजन एकेडेमीमा निःशुल्क करियर बुट क्याम्प हुँदै

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २९ वैशाख

सुर्खेतस्थित होराइजन एकेडेमीले एसईई परीक्षा दिएका विद्यार्थीहरूलाई लक्षित गर्दै निःशुल्क "करियर बुट क्याम्प" आयोजना गर्ने भएको छ। कार्यक्रम यहि जेठ ३ गते आइतबार हुने विद्यालयले जनाएको छ। विद्यालयका प्रधानाध्यापक अशोकराज खातीका अनुसार एसईईपछि विद्यार्थीहरूले सही शैक्षिक तथा पेशागत मार्ग छनोट गर्न सहज होस् भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गर्न लागिएको हो।

यो करियर बुट क्याम्पमा कर्णाली प्रदेशभरिका एसईई उत्तीर्ण विद्यार्थीहरू तथा उनीहरूका अभिभावकहरू सहभागी हुन




सक्नेछन्। कार्यक्रममा करियर सम्बन्धी परामर्श, मार्गदर्शन तथा विभिन्न अनुभव आदानप्रदान गरिनेछ। हाल विद्यार्थीहरूमा "कुन विषय रोज्ने र "भविष्यका लागि उपयुक्त करियर कसरी छनोट गर्ने?" जस्ता प्रश्नहरू बढ्दै गइरहेका बेला, यो कार्यक्रमले स्पष्ट दिशा दिन सहयोग गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रमलाई कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयअन्तर्गतको वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले प्राविधिक सहयोग गर्ने जनाएको छ।आयोजकका अनुसार यो बुट क्याम्पले विद्यार्थीहरूलाई आफ्नो रुचि र क्षमताअनुसार सही शैक्षिक तथा करियर निर्णय लिन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

## सम्पादकीय

# पुराना प्रतिबद्धता पूरा गर

संघीय सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रम महत्वाकांक्षी योजनाले भरिएको छ । स्वास्थ्य, पूर्वाधार, यातायात, डिजिटल रूपान्तरण, सहरी विकास र विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेर सरकारले विकासको नयाँ मार्गचित्र प्रस्तुत गरेको देखिन्छ । राष्ट्रपति रामचन्द्र पौडेलमार्फत संसद्मा प्रस्तुत कार्यक्रमले नागरिकको आधारभूत आवश्यकता र आधुनिक विकासको अवधारणालाई समेट्ने प्रयास गरेको छ । तर यस्ता कार्यक्रमहरूको वास्तविक मूल्यांकन घोषणाले होइन, कार्यान्वयन क्षमताले निर्धारण गर्नेछ ।

सरकारले दुर्गम क्षेत्रमा टेलिहेल्थ सेवा विस्तार, "सेन्टर फर डिजिज कन्ट्रोल" स्थापना, मानसिक स्वास्थ्य नीति कार्यान्वयन तथा नसर्ने रोग नियन्त्रणका कार्यक्रम अघि सारेको छ । यी योजना आवश्यक र सकारात्मक छन् । नेपालजस्तो भौगोलिक रूपमा जटिल मुलुकमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न डिजिटल स्वास्थ्य प्रणाली र समुदायमा आधारित सेवा प्रभावकारी हुन सक्छ । तर विगतका अनुभवले देखाउँछ–नीति बन्ने तर जनशक्ति, बजेट र पूर्वाधार अभावमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुने समस्या अझै कायम छ । स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधारका लागि घोषणा मात्र होइन, स्थायी संरचना र गुणस्तरीय सेवा आवश्यक हुन्छ ।

खानेपानी तथा सरसफाइमा २०८७ सम्म सबै नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य महत्वाकांक्षी भए पनि चुनौतीपूर्ण छ । विशेषगरी ग्रामीण र दुर्गम क्षेत्रमा अझै सुरक्षित खानेपानीको पहुँच सीमित छ । आर्सेनिकमुक्त पानी, ढल व्यवस्थापन तथा जल संरक्षणका योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके दीर्घकालीन लाभ मिल्न सक्छ । तर विगतमा पनि यस्ता लक्ष्य धेरै पटक दोहोरिएका छन् । समस्या लक्ष्यको अभावमा होइन, कार्यान्वयनको निरन्तरतामा देखिन्छ ।

यातायात पूर्वाधार विस्तारको योजना पनि महत्वपूर्ण छ । हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग, उत्तर-दक्षिण सडक, रेलमार्ग तथा विद्युतीय सार्वजनिक यातायातका योजना देशको आर्थिक रूपान्तरणसँग प्रत्यक्ष जोडिएका छन् । तर नेपालमा अधिकांश ठूला आयोजना समयमै सम्पन्न नहुने पुरानो रोग अझै अन्त्य भएको छैन । सरकारले "शून्य ढिला खरिद नीति" लागू गर्ने घोषणा गरेको छ, जुन स्वागतयोग्य हो । तर सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्ती, ठेक्का व्यवस्थापनको कमजोरी र राजनीतिक हस्तक्षेप नियन्त्रण गर्न सकेन भने यो नीति पनि घोषणामै सीमित हुन सक्छ ।

डिजिटल पूर्वाधार विस्तार र कृत्रिम बुद्धिमत्तामा आधारित नवप्रवर्तनलाई प्रोत्साहन गर्ने योजना आधुनिक सोचको संकेत हो । साइबर सुरक्षा, क्लाउड नीति र डिजिटल पहुँच विस्तारले सेवा प्रवाह सहज बनाउन सक्छ । तर डिजिटल विभेद अझै ठूलो चुनौती हो । दुर्गम क्षेत्रमा इन्टरनेट पहुँच, विद्युत् आपूर्ति र डिजिटल साक्षरतामा सुधार नगरी डिजिटल नेपाल निर्माणको लक्ष्य अपूरो रहनेछ ।

सहरी विकास, फोहर व्यवस्थापन, सहुलियत आवास तथा विपद् व्यवस्थापनका योजना पनि आवश्यक छन् । नेपालले भूकम्प, बाढी, पहिरो र जलवायु परिवर्तनको जोखिम निरन्तर भोगिरहेको अवस्थामा पूर्वतयारीमुखी नीति अपरिहार्य छ । तर जोखिम न्यूनीकरणलाई व्यवहारमा लागू गर्न स्थानीय तहसम्म स्रोत, प्रविधि र दक्ष जनशक्ति पुग्नुपर्छ ।

सरकारको नीति तथा कार्यक्रम समग्रमा महत्वाकांक्षी र सकारात्मक देखिए पनि मुख्य प्रश्न कार्यान्वयनकै हो । नेपालमा हरेक वर्ष आकर्षक योजना घोषणा हुन्छन्, तर धेरै आयोजना बजेट अभाव, प्रशासनिक ढिलाइ र कमजोर अनुगमनका कारण अधुरै रहने गरेका छन् । त्यसैले अब सरकारको प्राथमिकता नयाँ घोषणा भन्दा पनि पुराना प्रतिबद्धता पूरा गर्नु हुनुपर्छ । विकासको वास्तविक मापन भाषणले होइन, नागरिकले महसुस गर्ने परिवर्तनले हुन्छ ।

# सुकुम्बासीलाई समस्या देख्ने सरकारले भूमिहीन सुकुम्बासीको समस्या देख्नु पर्दैन ?



✍ शिरीषवल्लभ प्रधान

अमेरिकाका पूर्व राष्ट्रपति जोन एफ. केनेडीले एक पटक भनेका थिए, 'इफ ए सोसाइटी क्यान नट प्रोटेक्ट दि मेनी हु आर पोर, इट क्यान नट सेभ द फ्यु हु आर रिच' अर्थात यदि हाम्रो समाजले बहुसंख्यामा रहेका गरीब मानिसलाई संरक्षण प्रदान गर्न सकेन भने त्यसले अल्पसंख्यक धनिहरुको पनि रक्षा गर्न सक्दैन । अहिले हाम्रो देशमा विद्यमान् सुकुम्बासीको समस्या र त्यसलाई सरकारले जसरी संवेदनाहीन रुपले सम्बोधन गर्न खोज्दैछ, त्यसले केनेडीको उक्त भनाई पुनः स्मरण गराई दिएको छ ।

गत वैशाख १२ गते थापाथलीस्थित बाग्मती नदीको किनारामा जसरी सैयौंको संख्यामा आएका बन्दुक भिरेका सशस्त्र सुरक्षाकर्मीहरुले आक्रमक ढंगले त्यहाँका छाप्रा तथा कच्ची घर, टहराहरु २४ घण्टे सूचनाको भरमा भत्काए, त्यहाँ बस्ने भूमिहीन मानिसलाई पक्कै पनि त्यसले ०७२ साल बैशाख १२ को महाभूकम्पको स्मरण गराएको हुनपर्छ ।

त्यसपछि क्रमशः सिनामंगल गैरीगाउँ, मनहरा, बल्खु, टेकु, बालाजु, कपन गरी दुई हप्ताको समयभित्र करीव आठ हजार घर, टहरा भत्काउने काम भयो । काठमाडौं महानगरपालिका र बालेन सरकारको संयुक्त प्रयासमा १५ हजार भन्दा बढी मानिसहरु घरवार विहीन भएका छन् । त्यसमध्ये आधा जतिले मात्र सरकारसँग सम्पर्क राखे भने आधा जति अझै सम्पर्कविहीन छन् ।

कतिपय मानिस यस्तो झरीको समयमा त्यही भत्केको ठाउँमा इंङ्गाको थुप्रोमा कपडा टाँगेर ओत लाग्ने प्रयास गरिरहेको दयनीय अवस्था पनि देखियो । कतिपयले भत्केका घरका ईंटा खोज्दै थुपारेर दुई-चार छाक टार्ने प्रयास गरिरहेको पनि देखियो । त्यहाँ रहेका केटाकेटी, गर्भवती महिला, बुढाबुढी अपांगहरुको त झन बेहाल भएको दर्दनाक दृष्य सबैका अघिल्तिर छर्लङ्ग छ । केहीलाई कीर्तिपुरस्थित होल्डिंग सेन्टरमा त केहीलाई पछि नागार्जुन नगरपालिकास्थित अपार्टमेण्टमा लगियो भने अनि केही अन्यलाई बालाजु, गोंगबूतिरका केही लजहरुमा अस्थायीरुपमा राखेको खवर सार्वजनिक भएको छ । त्यसैमध्येका केहीलाई भने कीर्तिपुरको होल्डिङ सेन्टर तथा बालाजुका लजहरुबाट बनेपास्थित रेडक्रसको भवनमा सारिएको खबरहरु सार्वजनिक भएका छन् ।

सरकारले नागरिकको घरजम गरी बाँच्न पाउने संविधान प्रदत्त अधिकारको ठाडै उल्लंघन गरेर आफ्नो असंवेदनशील व्यवहार र मानवता विरोधी क्रियाकलाप प्रस्तुत गरेको छ ।

यद्यपि सुकुम्बासीको नाउमा केही अन्यत्रै घर, जग्गा भएका हुकुम्बासीहरु पनि बस्ने गरेको र उनीहरुले नाजायज फाइदा लिइरहेको भन्ने आरोप पनि लाग्ने गरेको छ, तथापि ती ठाउँहरुमा बस्ने अधिकांश भूमिहीन, सीमान्तकृत तथा विपन्नवर्ग नै भएको पाइएको छ । जे होस् सरकारले उल्टो काम गरेको भन्ने आलोचना सुनिएको छ । पहिले सकुम्बासी बसेका ठाउँमा गइ तथ्यांक संकलन गरी, त्यसलाई केलाई बास्तविक सुकुम्बासी पहिचान गरी अनि वैकल्पिक व्यवस्था गरेर मात्र बस्ती हटाउन पर्नेमा पहिले घर, टहर भत्काएर सुकुम्बासीहरुलाई बेघरबार बनाएपछि उनीहरुलाई होल्डिङ सेन्टरमा राखी अनि बल्ल लगत लिने कार्य सुरु गरेको भन्ने खवर छ ।

यसरी सरकारले नागरिकको घरजम गरी बाँच्न पाउने संविधान प्रदत्त अधिकारको ठाडै उल्लंघन गरेर आफ्नो असंवेदनशील व्यवहार र मानवता विरोधी क्रियाकलाप प्रस्तुत गरेको छ । गास-बास-कपास अर्थात, खाना, आवास र कपडा नागरिकहरुको मुलभूत अधिकारमा पर्छ । कुनै पनि सभ्य समाज वा प्रजातान्त्रिक सरकारले जनताको यो अधिकार खोस्न पाउदैन ।

यदि कसैले नियम, कानून मिचेरै घर, टहरा बनाएका छन् र उसको अन्य विकल्प छैन भने त्यस्तो अवस्थामा राज्य क्रुर वा कठोर बन्न मिल्दैन । बैकल्पिक व्यवस्थाविना पशुलाई पनि बसेको ठाउँबाट हटाउन मिल्दैन भने मानिसको त कुरै छाडौं । काठमाडौंका वा बाहिर जिल्लाका सुकुम्बासीको समस्या केवल नगरप्रमुखको वा स्थानीय सरकारको दृष्टिले हेरेर पुग्दैन त्यसलाई समग्र राष्ट्रीय समस्याका दृष्टिले हेर्नुपर्छ काठमाडौंको सुकुम्बासी समस्यालाई सम्बोधन गर्दा गरीव, विपन्नवर्ग र धनि वा सम्पन्न वर्गबिच भेदभाव राखिनुहुन्न गरीब, मजदुर वा सीमान्तकृत वर्ग पनि समाजका अभिन्न अंग हुन् । सुकुमबासी समस्याले विकराल रुप लिई उनीहरुले विद्रोह गरेमा दुई तिहाईको बालेन सरकारले त्यसलाई थेग्न सक्ला ?

भारतको मुम्बई जस्तो प्रख्यात व्यापारिक शहरबाट त सरकारले सुकुम्बासी बस्ती हटाउन सकेको छैन, त्यहाँको सरकारले भने हाम्रो जस्तो अविकसित देशको त के कुरा ? शहर सुन्दर राख्न कसलाई मन नलाग्ला ? शहरका नदी, नाला संरक्षण गरी सफा र सुन्दर बनाउन, वातावरण स्वच्छ राख्न सरकारले प्रयास अवश्य गर्नुपर्छ । तर यति हतारो ठीक छैन् । राजनीतिक नीति वा प्रणाली क्रान्तिको भरमा एकै रातमा बदल्न सकिएला तर समाज, अर्थतन्त्र, जनताको अवस्था एकै दिनमा दबलिँदैन त्यसलाई क्रान्तिले होइन, उद्विकासबाट बदल्ने प्रयास गरिनुपर्छ । सरकार बनेको महिना दिनमा सबै समस्याको समाधान निकाल्न सकिने हो भने त किन पाँच वर्षको म्याण्डेट चाहियो र ? बिस-तीस वर्षमा थुप्रेको सुकुम्बासी समस्याको २० दिनमा हल खोज्नु कदापि बुद्धिमानी होइन । सुकुम्बासी समस्याको हल गर्न अल्पकालीन र दीर्घकालीन योजना बनाएर लागू गर्न सकिन्छ ।

सरकारले आजभोलि ल्याउन लागेको नीति तथा कार्यक्रम र बजेटमा त्यसलाई समावेश गरेर क्रमशः लागु गर्दैजाने हो, यदि परिवर्तनलाई दीगो बनाउने हो भने । त्यसैले पहिले देशभरि कति बास्तविक भूमिहीन छन् भन्ने अध्ययन गरिनुपर्छ । एउटा दीर्घकालीन योजना बनाएर चार-पाँच वर्षको समयमा सुकुम्बासी समस्या समाधान गर्न नसकिने भन्ने केही छैन ।

सरकारले पहिले समस्या के हो, कति गम्भीर र गहिरो छ, त्यो पत्ता लगाउनुपर्छ । सुकुम्बासी बस्ती हटाई शहरको सौन्दर्यीकरण गर्नु मात्र समस्या होइन, देशका नागरिकले घरवार विहीन भइ गास-बासबाट बञ्चित हुनपर्ने अवस्था आउनु झन् ठूलो समस्या हो सरकारका निम्ति । सहरलाई सुन्दर बनाउनका निम्ती सुकुम्बासी कसरी हटाउने भन्ने मात्र सवाल होइन । सवाल त के हो भने दिनरात काम गर्दा पनि छाक टार्नका लागि उनीहरुले ज्यानै फाल्नुपर्ने अवस्था कसरी सृजना भयो ? के यो सरकारको चासो र उसले लागू गरेको शासन व्यवस्थामाथिकै प्रश्न होइन ?

त्यतातिर ध्यान पुगेको खै ? नागरिकको गास, बास, कपासको व्यवस्थाबाट कुनै पनि जिम्मेवार सरकार पन्छिन मिल्दैन । काठमाडौंका वा बाहिर जिल्लाका सुकुम्बासीको समस्या केवल नगरप्रमुखको वा स्थानीय सरकारको दृष्टिले हेरे मात्र हुँदैन त्यसलाई समग्र राष्ट्रको समस्याका दृष्टिले हेरिनुपर्छ र त्यसैअनुरुप त्यसको समग्रतामा समाधान खोजिनु पर्छ ।

## राष्ट्रिय...

राखिएको छ । आयोजनालाई कर्णाली क्षेत्रको कृषि तथा ऊर्जा विकासको महत्वपूर्ण आधारका रूपमा हेरिएको छ ।

आयोजनाअन्तर्गत सबैभन्दा महत्वपूर्ण मानिएको १२.२० किलोमिटर लामो सुरुङ निर्माण कार्य भने सम्पन्न भइसकेको छ । टनेल बोरिङ मेसिन (टिबिएम) को प्रयोग गरेर निर्माण गरिएको उक्त सुरुङ नेपालमै आधुनिक प्रविधिबाट निर्माण गरिएको प्रमुख पूर्वाधारमध्ये एक मानिन्छ । त्यस्तै, बाँध तथा पावरहाउस निर्माणअन्तर्गतका विभिन्न संरचनाको काम पनि जारी रहेको छ । कुल ६ वटा मुख्य संरचना निर्माण गर्नुपर्नेमा ती विभिन्न चरणमा रहेका छन् । हाइड्रोमेकानिकल संरचनासम्बन्धी डिजाइन स्वीकृत भइसकेको छ भने अधिकांश उपकरण फेब्रिकेसनको चरणमा पुगेका छन् । केही उपकरण आयोजना स्थलमै आइपुगेका छन् । ड्राफ्ट ट्युब, ट्रान्सफर्मर, स्वीच गियरलगायतका उपकरण फिल्डमा पुगेको आयोजनाले जनाएको छ ।

इलेक्ट्रोमेकानिकल उपकरण आयात तथा जडान कार्य पनि अघि बढिरहेको छ । विद्युत प्रसारण लाइनका लागि विस्तृत सर्वेक्षण प्रतिवेदन तयार भइसकेको छ भने वातावरणीय प्रभाव मूल्यांकनका लागि वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाइएको छ ।

बबई-मान खोला डाइभर्सनसम्बन्धी विस्तृत अध्ययन कार्य पनि सम्पन्न भएको छ । सामाजिक विकास तथा वातावरणीय सुधार कार्यक्रमअन्तर्गत आयोजनाबाट प्रभावित क्षेत्रमा सिँचाइ, खानेपानी, तटबन्ध, स्वास्थ्य, शिक्षा तथा सुरक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । आयोजनाका लागि आवश्यक २२.८९ हेक्टर जग्गामध्ये १५.७९ हेक्टर अधिग्रहण भइसकेको छ भने बाँकी प्रक्रिया अगाडि बढाइएको छ । यद्यपि आयोजनाका धेरै महत्वपूर्ण काम अझै बाँकी छन् । हेडवर्क्स तथा पावरहाउसको सिभिल निर्माण, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण जडान र परीक्षण कार्य सम्पन्न गर्नुपर्नेछ । साथै, विद्युत प्रसारण लाइन निर्माण, वातावरणीय अध्ययन तथा सुपरभिजनका लागि नयाँ परामर्श सेवा खरिद गर्नुपर्ने अवस्था रहेको छ । यसैगरी, तटबन्धन, सिँचित क्षेत्र संरक्षण तथा वातावरणीय सुधारका थप कामहरू गर्न बाँकी छन् । आयोजना सम्पन्न भएपछि विद्युत गृह सञ्चालन तथा व्यवस्थापनको संरचना तयार गर्नुपर्नेछ भने अन्तिम चरणमा परीक्षण तथा कमिसनिङ कार्य पनि गरिनेछ । सरकारले अब आयोजनालाई तीव्र गतिमा अघि बढाएर निर्धारित नयाँ लक्ष्यभित्र सम्पन्न गर्ने दाबी गरे पनि विगतमा पटक-पटक समय र लागत बढेको अनुभवका कारण चुनौती भने कायमै छन् । तथापि, निर्माण कार्यले अपेक्षित गति लिन सके भेरी-बबई आयोजना कर्णाली र मधेश क्षेत्रको कृषि तथा ऊर्जा विकासमा महत्वपूर्ण उपलब्धि बन्ने विश्वास गरिएको छ ।

## अलपत्र...

कर्णगाड, खदाङ, खदाङभेरी, चुँगाड, त्रिपुराकोट, गल्लीगाड र खोरखोलामा पुल निर्माण गर्ने योजना रहेको छ । तर यही सडकखण्डका पाँचवटा पक्की पुल भने विगत छ वर्षदेखि अलपत्र अवस्थामा छन् । हाल जाजरकोट खलङ्गादेखि नलगाड-१२ तल्लुसम्म कालोपत्रेको काम भइरहेको छ । सुर्खेतदेखि डोल्पाको चीन सीमास्थित मरिमसम्म फैलिएको यो कोरिडोरको कुल लम्बाइ तिन सय १० किलोमिटर रहेको छ । योजना प्रमुख केसरीका अनुसार यो मार्ग भारत, नेपाल र चीन जोड्ने सबैभन्दा छोटो त्रिदेशीय मार्गका रूपमा विकास गरिँदैछ ।

सडकसँगै पुल निर्माणमा ढिलाइ हुँदा स्थानीय जनप्रतिनिधि र सरोकारवालाको आलोचना बढेको छ । २०७७ माघमा क्याराभान हिराचन जेभीले नलगाड खोला, भुर्मेखोला, त्रात्रखोला, मैदेखोला तथा ताक्सुगाड क्षेत्रमा पक्की पुल निर्माणको ठेक्का लिएको भए पनि हालसम्म काम प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

योजना अन्तर्गत नलगाड-१२ तल्लुस्थित भेरी नदी र डोल्पाको छलगाड क्षेत्रमा पुल निर्माणको काम सुरु भएको छ भने केही पुल निर्माण अन्तिम चरणमा पुगेका छन् । खदाङ क्षेत्रमा भने विवादका कारण निर्माण कार्य सुरु हुन सकेको छैन । हाल नेपालगञ्ज, सुर्खेत र काठमाडौंबाट सिधै डोल्पाको सदरमुकाम दुनैसम्म सवारीसाधन पुग्न थालेका छन् । जाजरकोटको तल्लुसम्म कालोपत्रे सडक र त्यसपछिको कच्ची सडक हुँदै यातायात सञ्चालन भइरहेको छ । सडक पहुँच विस्तार भएसँगै डोल्पाका पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चाप पनि बढ्न थालेको छ ।

यसैबीच जाजरकोटको तल्लुदेखि डोल्पाको त्रिपुराकोट सम्म ४२ किलोमिटर सडक कालोपत्रेका लागि ७४ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ । निर्माण कम्पनीले २०८५ असोजसम्म काम सम्पन्न गर्नुपर्नेछ । भेरी कोरिडोरकै दुनै-लासिक्याप सडकखण्ड निर्माणमा भएको ढिलाइको आलोचनापछि अहिले कामले गति लिएको छ ।

डोल्पाको दुनैदेखि माथिल्लो डोल्पाको मरिमसम्म पुग्ने सडक निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राखिएको छ । नेपाली सेनाले लासिक्याप-मरिम खण्ड अन्तर्गत ४० किलोमिटर सडक कटान गरिसकेको जनाएको छ । पूर्वमन्त्री धनबहादुर बुढाले भेरी कोरिडोरलाई त्रिदेशीय व्यापारिक मार्गका रूपमा विकास गर्न आवश्यक रहेको बताउँदै यसले कर्णाली प्रदेशको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

हाल माथिल्लो डोल्पाका नागरिकले सडक सुविधा अभावमा सदरमुकाम दुनै पुग्न अझै हप्तौं पैदल यात्रा गर्नुपर्ने बाध्यता झेलिरहेका छन् । आयोजना सफलतापूर्वक सम्पन्न भएमा कर्णाली प्रदेशको व्यापार, पर्यटन र जडीबुटी व्यवसायमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ ।

# स्थानीयले दिए जग्गा र घर हटाउन सहमति



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, २९ वैशाख

सिमकोट गाउँपालिका छ पाउवाडा क्षेत्रमा स्थानीयवासीले व्यक्तिगत जग्गा उपलब्ध गराउनुका साथै सडक क्षेत्रमा पर्ने घर हटाउन सहमति जनाएपछि भित्री सडक निर्माण कार्यले तीव्रता पाएको छ।

तीन वर्षअघि योजना बने पनि स्थानीय सहमति अभावका कारण रोकिएको सडक निर्माण यस वर्षदेखि प्रभावकारी रूपमा अघि बढाइएको हो।

पाउवाडाको मुग्राधाराबाट तलीवाडासम्म मुख्य सडकसँग जोड्ने भित्री सडक विस्तार भइरहेको स्थानीय राजु रावतले जानकारी दिए।

पहिले दुईदेखि तीन मिटर चौडाइ रहेको बाटोलाई अहिले पाँच मिटर चौडाइमा विस्तार गर्ने काम भइरहेको उनले बताए। गत वर्षसम्म स्थानीयले निजी जग्गा दिन र सडक क्षेत्रमा पर्ने घर भत्काउन अस्वीकार गरेकाले निर्माण कार्य रोकिएको थियो।

वडा अध्यक्ष नन्द रावतको पहलमा बसेको छलफलपछि सहमति जुटेपछि सडक निर्माणले गति लिएको हो। सडक विस्तारका क्रममा चौत्थादेखि जोगी पिन्यारा सम्म रहेका स्याउ, चुली र आरुका बिरुवा हटाइएको छ भने केही स्थानमा ग्याबियन वाल निर्माणको काम पनि भइरहेको छ।

सडक क्षेत्रमा पर्ने घरका सिँढीसमेत हटाइएका छन्। तलीवाडा क्षेत्रमा मात्रै १६ वटा घर भत्काइएको वडा अध्यक्ष रावतले बताए। भत्काइएका घरका आवश्यक संरचना पुनः निर्माण गर्ने जिम्मेवारी सिमकोट गाउँपालिकाले लिएको छ।

सिमकोट गाउँपालिकाको "भित्री बस्ती सडक विस्तार कार्यक्रम" अन्तर्गत निर्माण भइरहेको यो सडक मुग्राधारा, चौत्था, तलीवाडा हुँदै सञ्चार टोलसम्म विस्तार गरिनेछ। असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सडक निर्माणपछि उक्त क्षेत्रमा सवारी साधन सञ्चालन हुने र स्थानीयको आवतजावत सहज हुने अपेक्षा गरिएको छ।

उपभोक्ता समिति मार्फत सञ्चालन भइरहेको यस आयोजनाका लागि गाउँपालिकाले १७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ

# भूकम्पपीडितका लागि सांसद बुढाको आवाज

❐ **काँक्रेविहार संवाददाता**
जाजरकोट, २९ वैशाख



प्रतिनिधिसभा सदस्य खडकबहादुर बुढाले जाजरकोट भूकम्पपछि प्रभावित नागरिकले अझैसम्म सुरक्षित आवास पाउन नसकेको भन्दै सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

मंगलवार बसेको अर्थ समितिको बैठकमा बोल्दै उनले कर्णाली प्रदेशका भूकम्पपीडितहरू अहिले पनि त्रिपाल र टिनका अस्थायी टहरामुनि बस्न बाध्य रहेको उल्लेख गर्दै पुनर्निर्माण कार्यलाई तीव्रता दिन सरकारसँग माग गरेका हुन्।

सांसद बुढाले भूकम्प गएको लामो समय बितिसक्दा पनि पीडित परिवारले आधार भूत आवास सुविधा नपाउनु दुःखद र चिन्ताजनक भएको बताए। उनले विशेषगरी जाजरकोट र आसपासका दुर्गम क्षेत्रमा चिसो, वर्षा तथा अन्य प्राकृतिक समस्यासँग जुध्दै नागरिक असुरक्षित अवस्थामै बस्नुपरेको उल्लेख गरे।

भूकम्पपीडित नागरिकले अझै राहतको अनुभूति गर्न सकेका छैनन् उनले भने, सरकारले पुनर्निर्माणलाई प्राथमिकतामा राखेर प्रभावकारी ढंगले काम अघि बढाउनुपर्छ। उनले कर्णाली प्रदेश विकास र पूर्वाधारका हिसाबले पछाडि परेको प्रदेश भएकाले त्यहाँका नागरिकका समस्या समाधानका लागि विशेष बजेट र विशेष कार्यक्रम आवश्यक रहेको बताए। उनले भूकम्प प्रभावित क्षेत्रका लागि छुट्टै पुनर्निर्माण योजना बनाएर कार्यान्वयन गर्न सरकारलाई सुझाव दिए।

बैठकमा सांसद बुढाले चार सय १७ मेगावाट क्षमताको नलगाड हाइड्रोपावर आयोजना को विषय पनि उठाएका थिए।

आयोजनाको कम्पनी खातामा एक अर्ब ७० करोड रुपैयाँ मौज्दात हुँदाहुँदै आयोजनाबाट प्रभावित स्थानीय नागरिकले अझैसम्म घर-टहरा तथा जग्गाको मुआब्जा नपाएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे।

उनका अनुसार आयोजना प्रभावित धेरै परिवार उचित क्षतिपूर्ति नपाएर अन्योलमा छन्। मुआब्जा वितरणमा ढिलाइ हुँदा स्थानीयवासी थप समस्यामा परेको भन्दै उनले सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

राज्यसँग स्रोत हुँदाहुँदै पनि प्रभावित नागरिकले आफ्नो अधिकार नपाउनु दुर्भाग्यपूर्ण हो उनले बताए। सांसद बुढाले भूकम्पपीडित तथा आयोजना प्रभावित नागरिकको पुनर्स्थापना, सुरक्षित आवास निर्माण, राहत वितरण तथा मुआब्जा प्रक्रियालाई छिटो र पारदर्शी बनाउन सरकारलाई आग्रह गरे उनले कर्णालीका नागरिकले अझै पनि राज्यबाट अपेक्षित सेवा र सुविधा नपाएको गुनासो गर्दै विकास निर्माण र विपद् व्यवस्थापनमा केन्द्र सरकारले विशेष प्राथमिकता दिनुपर्ने धारणा राखे।

# ब्युटाक्लोर विरूद्ध अभियान



❐ **काँक्रेविहार संवाददाता**
जुम्ला, २९ वैशाख

तातोपानी गाउँपालिकाले मार्सीधान खेतीमा प्रयोग हुँदै आएको झारनासक विषादी 'ब्युटाक्लोर' नियन्त्रण गर्न एक महिने अभियान सुरु गरेको छ।

धान रोपाइँ सुरु हुनुअघि नै लुकिछिपी विषादी प्रयोग बढ्न थालेपछि गाउँपालिकाले सोमबारदेखि जेठ २८ गतेसम्म सञ्चालन हुने अभियान सुरु गरेको हो।

अभियान अन्तर्गत वडा नं. एक देखि आठ सम्मका मार्सीधान उत्पादन हुने खेत र गाउँ बस्तीमा पुगेर किसानलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

गाउँपालिकाले किर्डाक, सहयात्रा तेस्रो परियोजना, लक परियोजना, रेरास तथा लिर्वडलगायत संस्थासँग सहकार्य गरेर कार्ययोजना तयार पारेको जनाएको छ।

अभियानको उद्घाटन प्रमुख जिल्ला अधिकारी दीपक पौडेल ले गरेका थिए। कार्यक्रममा सहभागी राजनीतिक दल, किसान तथा नागरिक अगुवाले ब्युटाक्लोर प्रयोग नगर्ने सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन्।

जुम्लामा पहिलो पटक मार्सीधान खेती तातोपानी गाउँपालिका बाट सुरु भएको मानिन्छ 'गुरु फोक्टो' नामले परिचित खेतलाई जिल्लाको पहिलो धानखेती क्षेत्रका रूपमा चिनिन्छ।

हाल जिल्लाभर २८ सय ९० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ, जहाँ वार्षिक पाँच हजार नौ सय ८७ मेट्रिकटन उत्पादन हुने गरेको छ।

जिल्लाको औसतभन्दा तातोपानीमा धान उत्पादन बढी रहेको तथ्यांक छ। जिल्लाको उत्पादकत्व २.०७ प्रतिशत हुँदा तातोपानीको उत्पादकत्व ३.०२ प्रतिशत रहेको छ।

गाउँपालिकाको ९३.१३ हेक्टर क्षेत्रफलमा वार्षिक दुई सय ८१ मेट्रिकटन धान उत्पादन हुने गरेको छ। कृषि शाखा प्रमुख प्रेमकृष्ण उपाध्याय ले ब्युटाक्लोर प्रयोगले माटोको उर्वराशक्ति घट्नुका साथै मानव स्वास्थ्य र पशुचौपायामा गम्भीर असर पर्ने भएकाले यसको प्रयोग अन्त्य गर्न अभियान सञ्चालन गरिएको बताए। उनका अनुसार एक महिनासम्म किसानका खेत-खेतमा पुगेर जनचेतना कार्यक्रम गरिनेछ।

प्रमुख जिल्ला अधिकारी पौडेलले रसायनिक विषादी प्रयोग रोक्न स्थानीय तहले कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याए।

जुम्लाको मार्सीधानले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो मूल्य पाइरहेकाले गुणस्तरीय र अर्गानिक उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ थियो। गाउँपालिका अध्यक्ष नन्द प्रसाद चौलागाईं ले बढ्दो ब्युटाक्लोर प्रयोगका कारण उत्पादन घट्नुका साथै मानव स्वास्थ्यमा गम्भीर असर परेको बताए। उनका अनुसार पालिकाले हालसम्म ३१ जना महिलाको उपचारका लागि सिफारिस दिएको छ, जसमध्ये २२ जनामा पाठेघर क्यान्सर देखिएको छ।

"धानमा प्रयोग हुने विषादी नै यसको मुख्य कारण हुनसक्ने देखिएकाले अभियान सुरु गरेका हौं," उनले भने। गत वर्ष ब्युटाक्लोर प्रयोग गर्ने चार जनालाई कारबाही गरिएको स्मरण गराउँदै उनले यस वर्ष लुकिछिपी प्रयोग गर्नेलाई कडा कारबाही गरिने चेतावनी दिए।

कार्यक्रममा सहभागी किसान तथा सरोकारवालाले जुम्लाको अर्गानिक पहिचान जोगाउन रसायनिक विषादी प्रयोग पूर्ण रूपमा रोक्नुपर्नेमा जोड दिएका थिए।

कृषि विज्ञहरूले जैविक विषादी उत्पादन, किसान सचेतना, लेबलिङ, प्याकेजिङ तथा बजार व्यवस्थापनमा ध्यान दिन सुझाव दिएका छन्।

# कृष्णसार संरक्षणका लागि सोलार पोखरी निर्माण

❐ **काँक्रेविहार संवाददाता**
बर्दिया, २९ वैशाख



तराई क्षेत्रमा बढ्दो गर्मीका कारण वन्यजन्तुमा पानीको अभाव हुन थालेपछि कृष्णसार संरक्षण क्षेत्र मा सोलार प्रविधियुक्त पोखरी निर्माण गरिएको छ।

दुर्लभ वन्यजन्तु कृष्णसारलाई गर्मीयाममा सहज रूपमा पानी उपलब्ध गराउने उद्देश्यले संरक्षण क्षेत्रभित्र विभिन्न स्थानमा सोलार प्रणालीमार्फत पोखरी निर्माण गरिएको हो।

गुलरिया नगरपालिका दुई स्थित संरक्षण क्षेत्रमा हालसम्म छ वटा सोलार पोखरी निर्माण गरिएको संरक्षण क्षेत्र कार्यालयले जनाएको छ।

करिब दुई हजार पाँच सय ५० बिघा क्षेत्रफलमा फैलिएको संरक्षण क्षेत्रमा हाल दुई सय ४४ कृष्णसार रहेका छन्। तीमध्ये ६१ भाले, एक सय ६८ पोथी र १५ बच्चा रहेको तथ्यांक छ।

सोलार प्रणाली बिहान घाम लागेपछि स्वतः सञ्चालन हुने र साँझ घाम अस्ताएपछि बन्द हुने भएकाले पोखरीमा निरन्तर पानी उपलब्ध हुने व्यवस्था गरिएको छ। यसले गर्मीयाममा वन्यजन्तुलाई पानीको सहज पहुँच उपलब्ध गराउने विश्वास गरिएको छ।

कृष्णसार संरक्षण क्षेत्र कार्यालय बर्दियाका सूचना अधिकारी रामु केसी का अनुसार संरक्षण क्षेत्रभित्र पर्याप्त पानी नहुँदा कृष्णसार पानीको खोजीमा बाहिरिने गरेका थिए। त्यस क्रममा कुकुर तथा अन्य वन्यजन्तुको आक्रमणमा पर्ने जोखिम बढ्दै गएको थियो।

उनले पोखरी निर्माणपछि संरक्षण क्षेत्रभित्रै पानीको सहज उपलब्धता हुने भएकाले कृष्णसारको सुरक्षा तथा संरक्षणमा सकारात्मक प्रभाव पर्ने बताए।

गुलरिया नगरपालिका दुई का वडाध्यक्ष टङ्कप्रसाद अधिकारी ले स्थानीय समुदायले सुरु गरेको संरक्षण अभियानलाई सरकारले संरक्षण क्षेत्र घोषणा गरेपछि थप व्यवस्थित बनाइएको जानकारी दिए।

धार्मिक तथा सांस्कृतिक दृष्टिले पनि कृष्णसारलाई विशेष महत्वका साथ हेरिने गरिन्छ। विशेषगरी भगवान् कृष्णसँग जोडेर यादव समुदायले श्रद्धापूर्वक कृष्णसार संरक्षण गर्ने परम्परा रहिआएको छ। तराई क्षेत्र, विशेषगरी गुलरिया आसपासलाई कृष्णसारको प्राकृतिक वासस्थानका रूपमा चिनिन्छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# ९६ परिवारलाई लालपुर्जा वितरण



काँक्रेविहार संवाददाता
कञ्चनपुर, २९ वैशाख

भूमि समस्या समाधान आयोग जिल्ला समिति कञ्चनपुरले जिल्लामा ९६ परिवारलाई लालपुर्जा वितरण गरेको छ। आयोग विघटन हुनुअघि गरिएको लगत सङ्कलनका आधारमा सीमित परिवारलाई मात्रै पुर्जा वितरण गरिएको हो। कार्यालयका अनुसार जिल्लाभर चार हजार नौ सय ८५ लगत सङ्कलन गरिएको थियो। तीमध्ये सबैभन्दा धेरै बेदकोट नगरपालिका मा ९१ लालपुर्जा वितरण गरिएको छ।

आयोग जिल्ला समिति प्रमुख नेत्रप्रकाश पन्तका अनुसार बेदकोटमा ठूलो संख्यामा भूमिहीन तथा अव्यवस्थित बसोबासी रहे पनि प्रशासनिक र नीतिगत जटिलताका कारण सीमित परिवारले मात्र पुर्जा पाएका हुन्।

त्यस्तै बेलडाँडी गाउँपालिका मा पाँच परिवारलाई मात्र लालपुर्जा वितरण गरिएको छ। यहाँ ३८ लगत सङ्कलन भए पनि प्रक्रिया पूरा नहुँदा सबैलाई पुर्जा दिन नसकिएको आयोगले जनाएको छ।

जिल्ला विवरण अनुसार बेदकोट नगरपालिकामा मात्रै हजारौँ भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन्। जिल्लाभर पनि ठूलो संख्यामा भूमिहीन परिवार रहेको तथ्यांक छ। आयोग विगतदेखि नै विभिन्न राजनीतिक निर्णय र कानुनी प्रक्रियाका कारण प्रभावित हुँदै आएको छ। विसं २०८१ चैतमा आयोगलाई पूर्णता दिइए पनि पछि सरकारले आयोग र यसको जिल्ला समिति खारेज गर्ने निर्णय गरेको थियो। सर्वोच्च अदालतले उक्त निर्णय बदर गरेपछि पुनः काम अघि बढाइएको थियो।

हाल पुनः ल्याइएको अध्यादेश पछि आयोग विघटन भएको छ। आयोग विघटनसँगै करिब चार सय परिवारका लागि तयार पारिएका लालपुर्जा वितरण प्रक्रिया रोकिएको छ।

जिल्लाका भीमदत्त नगरपालिका, कृष्णपुर नगरपालिका र दोधाराचाँदनी नगरपालिका मा तयार भइसकेका सयौँ पुर्जा वितरण हुन नसकेर अलपत्र परेका छन्।

दोधाराचाँदनी नगरपालिकाका प्रमुख किशोरकुमार लिम्बूका अनुसार ९९ परिवारका लागि पुर्जा अन्तिम चरणमा पुगे पनि आयोग विघटनपछि वितरण रोकिएको छ।

भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीका दीर्घकालीन समस्या समाधानका लागि आयोग पुनः सक्रिय हुनुपर्ने माग स्थानीय स्तरमा उठ्न थालेको छ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री रवि सापकोटा** धनी रहेको, **दर्ता नम्बर** १९११ बाट **वीरेन्द्रनगर–६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **मारिकाज क्याफे एण्ड बार** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नन्दबहादुर कटुवाल** धनी रहेको, **दर्ता नम्बर** ३२४२ बाट **वीरेन्द्रनगर–६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **नन्दु होटल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

यस संस्थालाई एक जना प्रबन्धक (व्यवस्थापक) आवश्यक परेकोल व्यवस्थापक पदका लागि सात (७) दिने सूचना प्रकाशन गरिएको छ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. व्यवस्थापकको लागि निवेदन दस्तुर शुल्क रू : ५००।- (अक्षरूपि पाँच सय मात्र)
३. शैक्षिक योग्यता : व्यवस्थापक पदका लागि शैक्षिक योग्यता न्यूनतम +२ पास वा सो सरह साथै दुई वर्ष सहकारी संस्था वा वित्तिय संस्थाहरूमा दुई (२) वर्ष काम गरेको अनुभव भएको
४. आवेदन दिने अन्तिम मिति : २०८३/०२/०२ सम्म।
५. सेवा सुविधा : आपसी समझदारीमा।

**श्री शिव शक्ति बहुउद्देश्यीय सहकारी संस्था लि.**
वीरेन्द्रनगर-६, सुर्खेत

## खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।
बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

**खानेपानी तथा ढल व्यबस्थापन कार्यालय**
सुर्खेत

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री पवन कुमार श्रेष्ठ** धनी रहेको, **दर्ता नम्बर** ८९६४/०७८/०७९ बाट **वीरेन्द्रनगर–९, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्रेष्ठ ग्रिल उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सपना ठाडा** धनी रहेको, **दर्ता नम्बर** ८३८४ बाट **वीरेन्द्रनगर–१०, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **न्यू सानु होटल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)